


## संस्थाहरूको विवरण

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- इन्हुरेड इन्टरनेशनल
इमेलः inhured.net.np
वेबसाइटः www.inhuredinternational.org

**सदस्यहरू**

- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np/ inseconline.org
- ह्युमन राइट्स एण्ड डेमोक्रेटिक स्टडिज
इमेलः cehurdes@mos.com.np
- मानव अधिकार सञ्जाल, नेपाल
इमेलः alliance.nepal@vianet.com.np
- संवैधानिक कानून व्यावसायी मञ्च
इमेलः clafnepal@gmail.co m
- मानव अधिकार सञ्चार प्रतिष्ठान
इमेलः ihricon@mos.com.np
- ह्युमन राइट्स विद आउट फ्रन्टियर्स
इमेलः hrwfnepal@mail.com.np
- राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
इमेलः hrufon@wlilk.com.np
- ह्युमन राइट्स एण्ड पब्लिक सर्भिस सेन्टर नेपाल
इमेलः hurpec@)hotmail.com
- सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इन्भार्मेन्ट (स्कोप नेपाल)
- मिडिया एड्भोकेसी ग्रुप (माग)
इमेलः maggroup08@gmail.com
वेबसाइटः www.mag.org.np
- न्याय तथा अधिकार मञ्च (जुरी-नेपाल)
इमेलः jurinepal@gmail.com
वेबसाइटः www.jurinepal.org.np
- नेपाल पिस विल्डिङ इनिसिएटिभ
इमेलः info@nepalpeacebuilding.org
वेबसाइटः nepalpeacebuilding.org
- महिला सेवा संस्था, नेपाल (डब्लूएसआइ)
वेबसाइटः www.wsinepal.org
इमेलः wsi@wsinepal.org.np
- साप नेपाल
इमेलः sap@sapnepal.org.np
वेबसाइटः sapnepal.org.np
- इक्वालिटी सोसाइटी नेपाल
इमेलः equitynepal2023@gmail.com
वेबसाइटः equitysocietynepal.org

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आआरएन)
इमेलः rrn@rm.org.np
वेबसाइटः www.rrn.org.np

**सदस्यहरू**

- लुमन्ती
इमेलः shelter@lumanti.wlink.com.np
- शान्तिका लागि साझा अभियान
इमेलः info@cocap.org.np
- पब्लिक हेल्थ कन्सर्न ट्रस्ट
इमेलः phectnepal@wlink.com.np
- फिजिसियन फर सोसियल रेसपोसिबिलिटी
वेबसाइट www.psrnnepal.org
- फरेस्ट रिसोर्सेज एण्ड एक्सन टिम
इमेलः forestaction@wlink.com.np
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
इमेलः landrights@csrcnepal.org
- सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इन्भारोमेन्ट
इमेलः mkoe@wlink.com.np
- फियान नेपाल
इमेलः info@fiannepal.org
वेबसाइटः fianepal.org
- सपोर्ट नेपाल
इमेलः info@snp.org.np
वेबसाइटः supportnepal.org
- साप नेपाल
इमेलः sap@sapnepal.org.np
वेबसाइटः sapnepal.org.np

### महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- बियोन्ड बेजिङ कमिटी
इमेलः beyondbeijing@wlink.com.np
info@beyondbeijing.org

**सदस्यहरू**

- महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडी)
इमेलः fwld@fwld.wlink.com.np
वेबसाइटः www.fwld.org
- महिला पुनः स्थापना केन्द्र (ओरेक)
इमेलः ics@worecnepal.org,
वेबसाइटः worcnepal.org
- कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)
इमेलः lacc@wlink.com.np
- नेपाल तामाङ महिला घेदुङ
इमेलः gr3pg@yahoo.com
- माइती नेपाल
इमेलः info@maitinepal.org, legal@maitinepal.org
- जागरण नेपाल
इमेलः info@jagarannepal.org
- महिला वेलफेर समाज
इमेलः wacn@mos.com.np
- नारी चेतना केन्द्र
इमेलः wacn@mos.com.np
- हिमराइट्स
इमेलः himrights@wlink.com.np
- आदिवासी महिला कानुनी सचेतना समूह (इनोल्याक)
इमेलः inwolag@yahoo.com
inwolag9@gmail.com
वेबसाइटः www.inwolag.org.np
- निलहिरा समाज (विडिएस)
वेबसाइटः www.bds.org.np
- महिला सेवा संस्था, नेपाल (डब्लूएसआइ)
इमेलः wsi@wsinepal.org.np
वेबसाइटः www.wsinepal.org
- शुभ अवसर ग्राम नेपाल (ओभिएन)
इमेलः opportunityvillagenepal@gmail.com
वेबसाइटः www.ovnnepal.org

### जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- दलित गैरसरकारी संस्था महासङ्घ (डिएनएफ)
इमेलः dnf@dnfnepal.org
वेबसाइटः www.dnfnepal.org

**सदस्यहरू**

- जन उत्थान प्रतिष्ठान
इमेलः jucn@wlink.com.np
- दलित सेवा सङ्घ
इमेलः dwo@wlink.com.np
- जागरण मिडिया सेन्टर
इमेलः info@jagaranmedia.org.np
- दलित महिला सङ्घ
इमेलः dms@fedo.wlink.com.np
- लयर्स नेशनल क्याम्पियन अगेन्स्ट अनटचेबिलिटी
इमेलः lancau@wlink.com.np
- नेपाल तामाङ घेदुङ
इमेलः ghedung@gmail.com
- लयर्स एसोसियसन फर ह्युमन राइट्स अफ नेपलिज् इन्डिजिनियस् पिपुल
इमेलः lahurnip@wlink.com.np
- दलित मानव अधिकार संस्था
इमेलः dhro@wlink.com.np
- चिल्ड्रेन एट रिस्क (कारनेट)
वेवसाइटः www.carnet.org.np
- इक्वालिटी सोसाइटी नेपाल
इमेलः equitynepal2023@gmail.com
वेबसाइटः www.equitysocietynepal.org

### यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- हयुमन राईट्स एण्ड जस्टिस सेन्टर (एचआरजेसी)
इमेलः info@example.com
वेबसाइटः www.hrjc.org.np

**सदस्यहरू**

- जनअधिकार संरक्षण मञ्च
इमेलः pprnepal@pprnepal.org.np
- एड्भोकेसी फोरम नेपाल
इमेलः info@advocacyforum.org.np
- यातना पीडित सरोकार केन्द्र नेपाल (सिभिक्ट)
इमेलः cvict@cvict.org.np
वेबसाइटः www.cvict.org.np

### बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- चाइल्ड नेपाल
इमेलः cn@childnepal.org
crcsecretariat@childnepal.org
वेबसाइटः www.childnepal.org

**सदस्यहरू**

- सिविन नेपाल
इमेलः cwin@mos.com.np
- बालबालिका तथा वातावरण सरोकार-नेपाल (कन्सर्न)
इमेलः concern@mos.com.np
- समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)
इमेलः info@cwish.org.np
- पार्टनरसीप नेपाल
इमेलः partnership@wlink.com.np
- शिक्षा पत्रकार समूह
इमेलः info@ejg.org.np
- भ्वाइस अफ चिल्ड्रेन
इमेलः director@voiceofchildren.org.np
- चाइल्ड राइट्स सेन्टर, काठमाडौँ स्कूल अफ ल
इमेलः info@ksl.edu.np
- युसेप नेपाल
इमेलः info@ucep.org.np
- शक्ति समूह
इमेलः shaktisamuha.nepal@gmail.com
- जागृती चाईल्ड एण्ड युथ कन्सर्न नेपाल (जेसिवाइसिएन)
इमेलः jcycnepal@hotmail.com
वेबसाइटः www.jcycnepal.org
- शुभ अवसर ग्राम नेपाल (ओभिएन)
इमेलः opportunityvillagenepal@gmail.com
वेबसाइटः www.ovnnepal.org
- चाइल्ड एट रिक्स ग्रुप (कारयनडब्लूजी)

### सबै आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- महिला पुनर्स्थापना केन्द्र (ओरेक)
इमेलः ics@worecnepal.org
वेबसाइटः www.worecnepal.org

**सदस्यहरू**

- महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडी)
इमेलः fwld@fwld.wlink.com.np
- युवा कार्य नेपाल
इमेलः Youthactionnepal@ntc.net.np
- सिभिक कन्सर्न नेपाल
इमेलः civicconcern@wlink.com.np
- पपुलेसन वाच
इमेलः info@popwatch.org.np
- प्रवासी नेपाली समन्वय समिति
इमेलः info@pncc.org.np
वेबसाइटः www.pncc.org.np
- पौरखी नेपाल
इमेलः pourakhi@mail.com.np
वेबसाइटः www.paurakhi.org.np

### अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- राष्ट्रिय अपाङ्गता महासङ्घ भृकुटीमण्डप (एनएफडिएन)
इमेलः info@nfdn.org.np
वेबसाइटः www.nfdn.org.np

**सदस्यहरू**

- नेपाल अपाङ्ग महिला सङ्घ
- नेपाल अपाङ्ग सङ्घ
- नेपाल मानव अधिकार केन्द्र
- राष्ट्रिय शारिरीक अपाङ्गता सङ्घ, नेपाल
- नेपाल अपाङ्ग समाज
- नेपाल नेशनल फेडेरेशन अफ द डेफ एण्ड हार्ड हियरिङ
- अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र (सिआईएल)
इमेलः info@cil.org.np
वेबसाइटः www.cil.org.np
- कोशिश नेपाल
इमेलः info@koshish.org.np
वेबसाइटः www.koshisnepal.org.np
- नेपाल हेमोफिलिया सोसाईटी नेपाल (एनएचएस)
वेबसाइट www.nepalhemo.com.np
- अटिजम केयर नेपाल सोसाईटी
इमेलः info@autismnepal.org
वेबसाइटः www.koshisnepal.org.np
- नेपाल एशोसियसन अफ द हार्ड हेयरिङ
इमेलः hoh1996.nepal@gmail.com
वेबसाइटः www. nahoh.org.np
- नेपाल एशोसियसन अफ द हार्ड हेयरिङ
इमेलः hoh1996.nepal@gmail.com
वेबसाइटः www. nahoh.org.np
- प्यारेन्ट फेडेरेशन अफ पर्सन वीथ इन्टलेक्चुयल डिसएविलिटी (पिएफपीआईडी)
इमेलः info@pfpid.org.np
वेबसाइटः www. pfpid.org.np
- ब्लाईण्ड युथ एशोसियसन नेपाल (वायन)
वेबसाइटः www. byanepal.org

### बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयकर्ता

- एड्भोकेसी फोरम नेपाल
इमेलः info@advocacyforum.org.np

**सदस्यहरू**

- हयुमन राईट्स एण्ड जस्टिस सेन्टर (एचआरजेसी)
इमेलः info@example.com
वेबसाइटः www.hrjc.org.np
- इन्हुरेड इन्टरनेशनल
इमेलः inhured@ntc.net.np
वेबसाइटः www.inhuredinternational.org
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np

प्रकाशन मितिः २०८२ वैशाख ३ गते

# मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC)



# एक परिचय


मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, कलङ्की
पत्र मञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org

## पृष्ठभूमि

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) मानव अधिकारसँग आबद्ध संस्थाहरूको संयोजनमा बनेको समन्वय केन्द्र हो । यसको स्थापना नेपालले अनुमोदन गरेको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको स्थितिको मूल्याङ्कन गर्न र अनुमोदन गर्न बाँकी महासन्धिहरू अनुमोदन गर्न राज्यलाई दबाब सृजना गर्नका लागि भएको हो ।

हाल, यसमा मानव अधिकारको क्षेत्रमा कार्यरत ८७ वटा सदस्य संस्थाहरू आबद्ध छन् । यी संस्थाहरू नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, महिला अधिकार, बालअधिकार, जातीय छुवाछूत विरुद्धको अधिकार, यातना विरुद्धको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र बलपूर्वक बेपत्ता पारिएका नागरिकको अधिकारको क्षेत्रमा तथा मानव अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत छन् ।

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको स्थापना सन् २००३ मा भएको हो । यसको स्थापनाको मुख्य उद्देश्य नेपालमा रहेका मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको निम्ति बलियो मानव अधिकार मञ्च तथा सञ्जाल निर्माण गरी अन्तर्राष्ट्रिय मानव अधिकारको दायित्व निर्वाह गर्न राज्यलाई जवाफदेही बनाउने रहेको छ । साथै मानव अधिकारको सवालमा सामूहिक सम्बोधन गर्ने लक्ष्य राखेको छ । मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र मानव अधिकारसँग आबद्ध नेपाली गैरसरकारी संस्थाको सञ्जालको माध्यमबाट मानव अधिकार सन्धिको अनुगमन गर्ने कार्यको समन्वय गर्दछ । यसले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सन्धिप्रति राष्ट्रको दायित्वको स्थिति राष्ट्रभित्र र अन्तर्राष्ट्रिय जगत्मा कस्तो छ त्यससम्बन्धी छाँया/वैकल्पिक प्रतिवेदनका साथसाथै अरु प्रकाशनको माध्यमबाट सूचनाको प्रचार-प्रसार गर्ने कार्य गर्दछ ।

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र मानव अधिकारको संरक्षण र उत्थानको लागि आन्तरिक वकालतमा पनि क्रियाशील छ । यसले मानव अधिकारसम्बन्धी कानुनको आधिकारिक र विश्वासनीय विवरण प्रचार-प्रसार गर्दछ र सन्धिजनित निकायहरूको निष्कर्ष/सुझावको प्रचार-प्रसार गर्ने कार्यमा पनि क्रियाशील छ । यस संस्थाले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूको अनुमोदन, स्थानीयकरण र कार्यान्वयनको निम्ति अभियान पनि सञ्चालन गर्दछ ।

## लक्ष्य

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र लोकतान्त्रिक सञ्जालको रूपमा नेपालको मानव अधिकारसँग आबद्ध सम्पूर्ण संस्थासँग काम गर्न, नागरिक समाज र राज्यको सामूहिक सहयोगमा मानव अधिकारको संरक्षण र यसको उन्नतिको निमित्त कार्य गर्न निर्देशित छ ।

## अभियान

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र , मानव अधिकार सँग आबद्ध नेपाली गैरसरकारी संस्थाको एक संयुक्त मञ्च हो । राज्यको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गराउन मानव अधिकार सन्धि अनुगमन समन्वय समितिले संयुक्तरूपले पहल गर्दछ । यो कार्य मानव अधिकार सन्धि अनुगमन समन्वय समितिले छायाँ/वैकल्पिक प्रतिवेदन, तथ्यको खोजी, महासन्धिको अनुमोदन र कार्यान्वयन अभियानको माध्यमबाट गर्दछ ।

## उद्देश्य

- संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सन्धि समितिहरूको निम्ति छायाँ प्रतिवेदन/वैकल्पिक प्रतिवेदन तयार गर्ने ।
- संयुक्त मञ्चको रूपमा सम्पूर्ण मानव अधिकारसँग आबद्ध नेपालको गैरसरकारी संस्थासँग कार्य गर्न, मानव अधिकारको अनुगमनलाई समन्वय गर्न र मानव अधिकारसँग सम्बन्धित सूचनाको राष्ट्रभर र अन्तर्राष्ट्रिय जगतमा प्रचार-प्रसार गर्ने ।
- नेपालको मानव अधिकार स्थितिसम्बन्धी आधिकारिक र भरपर्दो प्रतिवेदन तयार गर्ने र प्रचार-प्रसार गर्ने ।
- संयुक्त राष्ट्रसङ्घ समितिले पठाएको निष्कर्ष/टिप्पणी कार्यान्वयन गर्ने र प्रतिवेदन लेख्ने दायित्व पूरा गर्नका निम्ति सरकारलाई दबाब सिर्जना गर्न नागरिक समाज संस्थाहरूको संलग्नता गराउने ।
- राज्यले अनुमोदन गर्न बाँकी महासन्धिहरू अनुमोदन गर्न राज्यलाई दबाब दिने ।

## कार्यनीति, दृष्टिकोण र पहुँच

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र कार्यनीति दृष्टिकोण निम्नलिखित हुन्:

### सञ्जाल निर्माण

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको सञ्जाल निर्माण कार्यनीतिको प्रमुख कामको रूपमा रहेको छ । सञ्जालको रूपमा काम गर्दा एकैखालको कार्यको पुनरावृत्ति हुनबाट जोगिनुका साथै सत्य कुराको स्थापनाका लागि एउटै आवाज मुखरित हुन्छ । मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र आफैं एक सञ्जाल भएको हुँदा यसले अरु राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालसँग पनि निकट सम्बन्ध कायम गरी कार्य गर्दछ ।

### वकालत

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको कार्य स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा वकालत गर्न हो । यसको बहस पैरवी राज्यको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गराउनका लागि केन्द्रित रहन्छ । स्थानीय र राष्ट्रिय तहको वकालतमा मात्र नभई यसले अन्तर्राष्ट्रियस्तरमा नै बलियो संयन्त्र निर्माण गर्न सक्षम भएको छ ।

### छायाँ प्रतिवेदन

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रका कार्यहरू मुख्यरूपले राज्य पक्षराष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महासन्धिहरूको छायाँ प्रतिवेदन तयार पार्नमा केन्द्रित रहेको छ । यी प्रतिवेदनहरू यो सञ्जालको संस्थागत पहिचान पनि हो । यी प्रतिवेदनहरू राज्यको प्रतिवेदनको छायाँ प्रतिवेदनको रूपमा संयुक्त राष्ट्रसङ्घको सन्धि समितिहरूमा बुझाइन्छ । छायाँ प्रतिवेदन र अन्तर्राष्ट्रिय तहमा यसबाट प्राप्त गरिएका प्रतिक्रियाहरू, सरकारमाथि दबाब सिर्जना गर्नको लागि र सरकारलाई आवश्यक आफ्नो कार्यक्षेत्रभित्र रही व्यक्तिहरूको मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नको लागि माध्यमको रूपमा प्रयोग गरिन्छ ।

### क्षमता अभिवृद्धि

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रले मुख्यरूपले गैरसरकारी संस्थाको सक्रियताका लागि क्षमता अभिवृद्धिमा जोड दिन्छ । मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रसँग समन्वय गर्ने संस्थाका प्रतिनिधिहरूको मानव अधिकार अनुगमनको क्षेत्रमा जस्तै तथ्य खोज्ने कुरामा, प्रतिवेदनको तयारीमा, प्रतिवेदनसम्बन्धी कुरामा र लबिङ र वकालतको क्षेत्रमा क्षमता अभिवृद्धिमा जोड दिन्छ ।

## मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC)को संरचना

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको संरचनामा साधारणसभा, कार्यकारिणी परिषद्, सदस्य संस्था र सचिवालय पर्दछन् ।

### साधारणसभा

साधारणसभा सबैभन्दा माथिल्लो तहको नीति निर्माण गर्ने निकाय हो, जसमा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रका सम्पूर्ण सदस्यहरूका साथै सचिवालय रहन्छन् । साधारणसभा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको कार्य र योजनाहरूको मूल्याङ्कन गर्न र मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको लागि नयाँ विचार र दृष्टिकोण निर्माण गर्नको निम्ति वर्षको एक पटक बस्दछ ।

### कार्यकारिणी परिषद्

कार्यकारिणी परिषद्मा सचिवालय र साधारणसभाले मनोनित गरेको नौ केन्द्रको समन्वयकर्ता गरी दस जना सदस्यहरू हुन्छन् । कार्यकारिणी परिषद्को जिम्मेवारी साधारणसभाले सिफारिस गरेको योजना र नीतिहरूको कार्यान्वयन गर्ने हो । कार्यकारिणी परिषद्ले अनिवार्यरूपमा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको काम कारबाहीको निम्ति कार्यक्रमहरू तय गर्ने, नीति-निर्देशिका बनाउने कार्य गर्ने गर्दछ ।

### सचिवालय

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको सबै परियोजना, योजना र नीतिको कार्यान्वयनलाई समन्वित गर्ने हो । सन् २००३ मा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र थालनीदेखि नै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सचिवालयको रूपमा कार्य गरिरहेको छ ।

### समिति

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रभित्र रहेको नौ वटा समितिहरू छन् । यी समितिहरूले नौ मुख्य मानव अधिकार सन्धिहरूसँग आबद्ध रही सबै सदस्य संस्थाहरूलाई सन्धि अनुगमनको लागि समन्वित गर्ने कार्य गर्दछ। समन्वयकर्ता संस्थालाई साधारणसभाबाट मनोनित गरिन्छ । यी मनोनित भएका सस्थामा आफ्नो निश्चित क्षेत्रसँगको सन्धिको मूल्याङ्कन गर्ने र कार्यान्वयन गराउने कार्यलाई समन्वय गराउने जिम्मेवारी पर्दछ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य इन्टुरेड इन्टरनेशनले गरिरहेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले (आरआरएन)ले गरिरहेको छ। महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य वियोण्ड बेइजिङ कमिटी (बीबीसी)ले गरिरहेको छ । बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य चाइल्ड नेपालले गरिरहेको छ भने जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य दलित गैरसरकारी संस्था महासङ्घ (डिएनएफ)ले गरिरहेको छ । यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य मानव अधिकार र न्याय केन्द्र (एचआरजेसी) गरिरहेको छ । आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले गरिरहेको छ भने अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य राष्ट्रिय अपाङ्ग महासङ्घले गरिरहेको छ। त्यसैगरी, बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समितिको समन्वयको कार्य एड्भोकेसी फोरमले गरिरहेको छ ।

### सदस्य

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रमा ८७ वटा राष्ट्रिय तहका प्रमुख मानव अधिकार संस्थाहरू छन्, जो राज्यको मानव अधिकारको संरक्षण गर्न र त्यसको उन्नतिको निम्ति सहयोग गरिरहेका छन् । अहिले मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रका सदस्य नौ वटा समितिमा बाँडिएका छन् । ती समितिको स्थापना नौ ठूला महासन्धिसँग आबद्ध भई काम गर्न भएको हो । सदस्यहरूमा केन्द्रलाई सहयोग पुऱ्याउने र सचिवालयमा सो योजना र नीति कार्यान्वयन गर्ने दायित्व हुन्छ ।